# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१–४३७३५७७, ९७६१८१५४००, ९८४११५१२१७, ९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष १२ | अंक १४४ | काठमाडौं | आइतबार, २९ भदौ २०८२ | Prabhab National Daily | Sunday, 14 September 2025 | www.prabhabonline.com | पृष्ठ ४ | मूल्य रू. ५।–


## प्रतिनिधिसभा विघटनको निर्णय फिर्ता लिन आठ दलको माग

- प्रतिनिधिसभा विघटनले मताधिकारको अवमूल्यन, संवैधानिक सर्वोच्चता र संविधानमाथि प्रहार भएको आठ दलको निष्कर्ष
- विघटनको निर्णय फिर्ता लिई तत्काल प्रतिनिधिसभा बैठक बोलाउन माग
- संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्थाविपरीतको कदम भएको टिप्पणी

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** प्रतिनिधिसभा विघटन गर्ने कदम असंवैधानिक र अलोकतान्त्रिक भएको आठ राजनीतिक दलले निष्कर्ष निकालेका छन्। विघटनले लोकतान्त्रिक उपलब्धि धरापमा पार्ने संशय प्रकट गरेका छन्।

शनिबार नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी (जसपा), जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र नागरिक उन्मुक्ति पार्टीले शनिबार संयुक्त विज्ञप्ति जारी गर्दै प्रतिनिधिसभा विघटनको कदम तत्काल फिर्ता लिन सरकारलाई आग्रह गरेको छ। सुशासनको माग राखिएको जेन-जी आन्दोलनको माग प्रतिनिधिसभा विघटन नभएको पनि आठ दलको दाबी छ।

'नेपालको संविधान तथा प्रचलित कानुनबमोजिम सुशासनको माग राखेर भएको आन्दोलनको मर्मविपरीत अलोकतान्त्रिक तथा असंवैधानिक ढंगले संसद् छलेर सडकबाट सरकार गठन र प्रतिनिधिसभाको विघटन गरिएको छ,' आठ राजनीतिक दलको विज्ञप्तिमा छ, 'लोकतान्त्रिक र कानुनी राज्यमा सबै प्रकारका समस्याको समाधान संविधान र कानुनबमोजिम हुनुपर्ने र सबै निकायहरू संविधान र कानुनबमोजिम सञ्चालन हुनुपर्दछ भन्ने कुरामा हाम्रो अटल विश्वास छ। नेपाली जनताको लामो संघर्ष र बलिदानबाट प्राप्त लोकतन्त्र र संविधानसभाबाट जारी भएको संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानविपरीतका कदमलाई कुनै पनि मूल्यमा स्वीकार गर्न सकिँदैन।'

जननिर्वाचित संस्था प्रतिनिधिसभाको विघटन संविधानको धारा ७६ को उपधाराविपरीत भएको आठ राजनीतिक दलको जिकिर छ।

क्रमशः पृष्ठ २ मा

### चुनाव सम्पन्न गराउन राष्ट्रपतिको अपिल



राष्ट्रपति रामचन्द्र पौडेलले घोषित चुनावलाई सम्पन्न गर्न सबैलाई अपिल गरेका छन्। दलहरूले प्रतिनिधिसभा विघटनलाई अस्वीकार गरिरहँदा राष्ट्रपति पौडेलले भने कठिन परिस्थितिमा शान्तिपूर्ण निकास निस्किएको भन्दै चुनाव सम्पन्न गराउन शनिबार अपिल गरेका हुन्।

संविधान, संसदीय प्रणाली र संघीय लोकतान्त्रिक गणतन्त्र कायम भएको भन्दै पौडेलले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'बडो जुक्तिले प्राप्त अवसरको सदुपयोग गर्दै जनता रिझाउने र आफैंमा आगामी फागुन २१ गते हुने चुनाव सम्पन्न गराउने काममा सहयोग गर्न म सबै पक्षलाई हार्दिक अपिल गर्दछु।'

प्रतिनिधिसभा विघटनलाई दलहरूले अस्वीकार गरेको हुनाले आगामी चुनावमा सहभागी हुन्छन् कि हुँदैनन्? निश्चित छैन। नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीलाई पनि दलहरूलाई विश्वासमा लिएर चुनाव गराउन चुनौती छ। यस्तो अवस्थाबीच राष्ट्रपति पौडेलले चुनाव सम्पन्न गराउन सबैसामु अपिल गरेका हुन्। शुक्रबार राष्ट्रपति पौडेलले छ महिनामा चुनाव गर्ने सर्तमा अन्तरिम सरकारको प्रधानमन्त्रीमा कार्कीलाई नियुक्त गरेका थिए। प्रधानमन्त्री नियुक्त भएपछि कार्कीले आगामी २१ फागुनमा चुनावको मिति तोकेकी छन्।

## प्रधानमन्त्री कार्कीका 'चुनौतीपूर्ण' चार कार्यभार

- स्वतन्त्र र विज्ञ सम्मिलित मन्त्रिपरिषद् गठन
- दलहरूलाई विश्वासमा लिएर आगामी २१ फागुनमा चुनाव
- आयोग बनाएर भ्रष्टाचारमा संलग्नहरूको छानबिन
- आन्दोलनको पहिलो दिन प्रहरी दमनको छानबिन र संलग्नलाई कारबाही तथा दोस्रो दिन सार्वजनिक र निजी सम्पत्तिमा तोडफोड, लुटपाट र आगजनीको छानबिन



फागुनको २१ गते चुनावको मिति घोषणा भइसक्यो। दलहरूको विश्वास जितेर प्रधानमन्त्री कार्कीले चुनाव गर्नुपर्ने हुन्छ। दलहरूले अविश्वास गरे चुनावमा सहभागी हुँदैनन्। त्यस्तो चुनावको वैधानिकता हुँदैन। त्यसैले दलहरूको विश्वास जित्नु उहाँको अर्को चुनौतीपूर्ण कार्यभार हो।

■ **प्रा.डा. लोकराज बराल**
राजनीतिशास्त्री

■ **जेबी योञ्जन**

**काठमाडौं–** अन्तरिम सरकारका नवनियुक्त प्रधानमन्त्री सुशीला कार्की मन्त्रिपरिषद् गठनको तयारीमा छिन्। देशको राजनीति नै अनपेक्षितरूपमा उथलपुथल गरेर शक्तिमा आएको जेन-जी समूहले कार्की नेतृत्वको मन्त्रिपरिषद्मा पठाउने स्वतन्त्र व्यक्तिहरूको टुंगो लगाउने भएको छ।

समूहले मन्त्रिपरिषद्मा पठाउने व्यक्तिहरूको टुंगो लगाउन 'भर्चुअल' मतदान गरिरहेको जानकारी दिएको छ। मतदानको आधारमा समूहले मन्त्री हुनेहरूको नाम सिफारिस गर्ने भएको छ। सिफारिसपछि कार्कीले मन्त्रिपरिषद् गठन गर्ने छिन्।

राजनीतिशास्त्री प्रा.डा. लोकराज बराल कार्कीको पहिलो कार्यभार नै मन्त्रिपरिषद् गठन भएको बताउँछन्। 'उहाँ (कार्की)ले चुस्त र छरितो खालको मन्त्रिपरिषद् विस्तार गर्नुपर्छ। स्वतन्त्र विज्ञहरूलाई समेट्नुपर्छ। किनभने कार्कीको यो नागरिक सरकार हो र यो पहिलो कार्यभार हो,' बरालले प्रभावसँग भने।

कार्की मन्त्रिपरिषद्मा नेपाल विद्युत् प्राधिकरणका पूर्वकार्यकारी निर्देशक कुलमान घिसिङको नाम चर्चामा छ। उनलाई यसअघि जेन-जीको एउटा समूहले अन्तरिम सरकारको प्रधानमन्त्रीका रूपमा अघि सारेको थियो। सुदन गुरुङ सम्मिलित जेन-जीको मूल समूहले कार्कीलाई भर्चुअल मतदानको आधारमा भन्दै प्रधानमन्त्रीको रूपमा सिफारिस गर्‍यो।

सोहीअनुसार उनलाई राष्ट्रपति रामचन्द्र पौडेलले प्रधानमन्त्रीका रूपमा नियुक्त गरे। यसरी कार्की प्रधानमन्त्री भएपछि उज्यालो नेपाल अभियानको नायकका रूपमा चिनिएका घिसिङलाई मन्त्रिपरिषद्मा समेट्ने विषयबारे जेन-जी समूह भर्चुअल मतदानमै छ। मन्त्रीको दौडमा काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साहको कानुनी सल्लाहकार रहेका अधिवक्ता ओमप्रकाश अर्याल पनि छन्। उनले जेन-जी समूहबाट कार्कीलाई प्रधानमन्त्रीमा नियुक्तबारे राष्ट्रपतिलाई कानुनी परामर्श दिएका थिए। उनलाई उच्च सम्भावित मन्त्रीको रूपमा हेरिएको छ। मन्त्री हुने अन्यको पनि टुंगो लगाउन मतदान प्रक्रियामा जेन-जी समूह क्रियाशील छ।

मन्त्रिपरिषद् गठनपछि नवनियुक्त प्रधानमन्त्री कार्कीको अर्को कार्यभार छ महिनामा नयाँ चुनाव गर्नु रहेको राजनीतिशास्त्री बराल बताउँछन्। उनका अनुसार राजनीतिक दलहरूलाई विश्वासमा लिएर चुनाव गराउनुपर्छ। 'फागुनको २१ गते चुनावको मिति घोषणा भइसक्यो। दलहरूको विश्वास जितेर उहाँ (कार्की)ले चुनाव गर्नुपर्ने हुन्छ, दलहरूले अविश्वास गरे चुनावमा सहभागी हुँदैनन्,' उनले भने, 'त्यस्तो चुनावको वैधानिकता हुँदैन। त्यसैले दलहरूको विश्वास जित्नु उहाँको अर्को चुनौतीपूर्ण कार्यभार हो।'

जेन-जी पुस्ताको मूल एजेण्डा भ्रष्टाचार अन्त्य हो। कार्की स्वयं सर्वोच्च अदालतको न्यायाधीश हुँदै प्रधानन्यायाधीश हुँदासम्म गरेका केही फैसला र दिएका आदेशले उनी भ्रष्टाचारविरोधी कित्तामा रहेको देखाउँछ।

क्रमशः पृष्ठ २ मा



**सन्दर्भ: वैदेशिक रोजगार**

## कोरियामा गैरकानुनीरूपमा रहेका विदेशी कामदारको श्रमअधिकार सुनिश्चित गरिँदै

■ **प्रभाव संवाददाता**



- विदेशी श्रमिकलाई तलब सुविधा र सेवा निवृत्ति हुँदा दिइने भुक्तानी नदिने अवस्थाबाट जोगाउन आप्रवासन नियन्त्रण कानुनमा सुधार गरिने
- म्याद समाप्त भएर पनि बसोबास गरिरहेका आप्रवासीहरूको बारेमा सरकारी अधिकारीहरूले आप्रवासन अधिकारीलाई सूचना दिनुपर्ने
- अवैधानिकरूपमा बसिरहेका श्रमिकहरूले तलब नपाएको, श्रमअधिकारको उल्लंघन भएको जस्ता उजुरी गर्न पाउने

**काठमाडौं–** दक्षिण कोरियाली सरकारले विदेशी श्रमिकहरूलाई तलब सुविधा र सेवा निवृत्ति हुँदा दिइने भुक्तानी नदिने अवस्थाबाट जोगाउन आप्रवासन नियन्त्रण कानुनमा सुधार गर्ने भएको छ। यो कानुनले कोरियामा मानवअधिकारको संरक्षणलाई मजबुत बनाउनका लागि सघाउने जनाइएको छ। गैरकानुनीरूपमा बसोबास गरिरहेका श्रमिकहरूलाई पनि यो सुविधाबाट वञ्चित नगरिने कोरियाली सञ्चारमाध्यमले जनाएका छन्।

त्यहाँको न्याय मन्त्रालयले ज्याला ठगीको पीडित बनेका विदेशी कामदारहरूका लागि एक विधेयक तयार गर्दै गरेको अधिकारीहरूले जानकारी दिएका छन्। जसको अनुच्छेद ८४ मा म्याद समाप्त भएर पनि बसोबास गरिरहेका आप्रवासीहरूको बारेमा सरकारी अधिकारीहरूले आप्रवासन अधिकारीलाई सूचना दिनुपर्ने व्यवस्था गरिएको छ। अवैधानिकरूपमा बसिरहेका श्रमिकहरू निष्कासनमा पर्ने त्रासले तलब नपाएको, श्रमअधिकारको उल्लंघन भएको जस्ता उजुरीहरू गर्न हिचकिचाउने गरेको जनाइएको छ।

यसले श्रम दुरूपयोगका घटनाहरूलाई उजागर गर्न मद्दत पुग्ने मन्त्रालयका अधिकारीहरूले जनाएका छन्। कोरियाली सञ्चारमाध्यमका अनुसार मन्त्रालयले जारी गरेको विज्ञप्तिमा विदेशी श्रमिकको सुरक्षा सुदृढ गर्न यो संशोधनले सघाउने उल्लेख गरिएको जनाइएको छ। यो संशोधनको समीक्षा गर्न सार्वजनिक सूचना निकाल्ने तथा सम्बन्धित एजेन्सीहरूसँग सेप्टेम्बर र अक्टोबरको बीचमा परामर्श गर्ने योजना रहेको बताइएको छ। त्यसपछि यसै वर्षभित्र घोषणा गर्ने र कार्यान्वयनमा लग्ने लक्ष्य राखिएको छ।

उक्त समीक्षाले हाल निष्कासनको सूचीमा रहेका व्यक्तिहरूकोसमेत सुरक्षा गर्ने अपेक्षा गरिएको छ। बन्दै गरेको नयाँ नियमअनुसार यदि श्रमिकहरूलाई उनीहरूको तलब र अन्य हिसाब नमिलाई फर्काउन लागिएको भेटिए स्थानीय आप्रवासन अधिकारीहरूले उनीहरूको निष्कासन तत्कालका लागि रोक्नपर्ने छ। जसकारण ती श्रमिकहरूले क्षतिपूर्ति दाबी गर्न पाउने छन्।

यसबाहेक मन्त्रालयले उक्त समीक्षामा रोजगारदाताहरूमाथि कडा प्रावधान लागू गर्ने तयारी गरेको छ। रोजगारदाताले विदेशी श्रमिकको ज्याला भुक्तानी नगरेको पाइए श्रमिकहरूलाई आफ्नो कम्पनीमा बोलाउन या नयाँ भर्ना प्रक्रियामा सामेल हुन प्रतिबन्ध लगाइने जनाइएको छ। कामदारहरूलाई देश निकाला भइने भयबाट टाढा राख्दै श्रमअधिकार उल्लंघनको उजुरी दिन प्रोत्साहित गर्ने आशा गरिएको छ।

कोरियाको ग्रामीण क्षेत्रमा लगातार श्रमिक अभाव भएको बताइन्छ। उक्त अवस्थामा कानुनी र गैरकानुनी दुवै अवस्थामा भएका श्रमिकहरूले कृषि तथा पशुपालन, निर्माण र उत्पादनजस्ता उद्योगहरूमा महत्त्वपूर्ण भूमिका खेलेको बताइएको छ।

यो योजना वा संशोधन विदेशी श्रमिकहरूको श्रमअधिकार सुदृढ गर्ने राष्ट्रपति ली जे म्युङ प्रशासनको व्यापक प्रयासको हिस्सा रहेको भनिएको छ।

क्रमशः पृष्ठ २ मा

## प्रधानमन्त्रीको कार्यकक्ष नयाँ भवनमा तयार

- सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय आगजनीबाट क्षतिग्रस्त भएपछि नवनियुक्त प्रधानमन्त्रीका लागि नयाँ भवनमा कार्यकक्ष तयार
- सिंहदरबारको पश्चिमोत्तर भागमा गृह मन्त्रालयका लागि निर्माण गरिएको नयाँ भवनमा आगजनीबाट जोगिएका पुरानै सरसामानको सारेर कार्यकक्ष निर्माण



■ **प्रभाव संवाददाता**

**काठमाडौं–** नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीले आज आफ्नो कार्यभार सम्हाल्दै छिन्। जेन-जी प्रदर्शनका क्रममा मुख्य निशानामा परेको सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय आगजनीबाट क्षतिग्रस्त भएपछि नवनियुक्त प्रधानमन्त्रीका लागि नयाँ भवनमा कार्यकक्ष तयार गरिएको छ।

सिंहदरबारको पश्चिमोत्तर भागमा गृह मन्त्रालयका लागि निर्माण गरिएको नयाँ भवनमा आगजनीबाट जोगिएका पुरानै सरसामानको सारेर कार्यकक्ष निर्माण गरिएको छ। शनिबार बिहानदेखि नै पुरानो प्रधानमन्त्री कार्यालयबाट आगजनी र तोडफोड हुनबाट बचेका टेबल, कुर्सी, सोफा, कम्प्युटरलगायतका सरसामग्री नयाँ कार्यालयमा सारिएको थियो। यसका लागि नेपाली सेनासहितका सुरक्षाकर्मी र कर्मचारी जुटेका थिए। पुरानै फर्निचर, सरसामग्री र उपकरणको व्यवस्थापन गरी नयाँ प्रधानमन्त्री कार्यालय सञ्चालनका लागि तयार गरिएको हो।

आगजनी भएको पाँचौं दिन पनि सिंहदरबाको मूल भवनको पश्चिमतर्फको भागमा आगो बलिरहेको थियो। तोडफोड र आगजनी भएका अधिकांश मन्त्रालय परिसरमा जलेका सवारीसाधन, कागजपत्रलगायत सरसामग्री छरपष्ट छन्।

यसैबीच, आगजनी र तोडफोडबाट बढी क्षति पुगेको मध्येको शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयमा भने शनिबार बिदाको दिन भए पनि सचिव चुडामणि पौडेलको नेतृत्वमा कर्मचारीको ठूलै संख्या स्वःस्फूर्त रूपमा सरसफाइ र फोहोर व्यवस्थापनमा जुटेका थिए। अन्य मन्त्रालयजस्तै शिक्षा मन्त्रालय परिसरमा पनि सवारीसाधन जलेर 'मानव कंकाल' अवस्थामा रहेका छन्।

मन्त्रालयको भूमिगत पार्किङमा राखिएका सवारीसाधनमा पनि प्रदर्शनकारीले आगजनी गरेको सखाप पारेका छन्। शनिबार बिहान ८ बजेदेखि नै सरसफाइमा जुटेका मन्त्रालयका प्रवक्ता सहसचिव शिवकुमार...

क्रमशः पृष्ठ २ मा

# निषेधाज्ञा हटेसँगै जनजीवन सामान्य बन्दै



■ प्रभाव संवाददाता

**काठमाडौं-** नयाँ सरकार गठनसँगै निषेधाज्ञा हटाइएपछि देशभरको जनजीवन सामान्यतर्फ फर्कन थालेको छ । काठमाडौं उपत्यकाका तीनवटै जिल्लामा निषेधाज्ञा हटेको छ ।

तीनवटै जिल्ला प्रशासन कार्यालयले शनिबार मध्याह्नदेखि निषेधाज्ञा एवं कफर्चु हटाएपछि यहाँको जनजीवन सामान्य बन्न थालेको हो । यही भदौ २३ र २४ गते जेन-जीले गरेको प्रदर्शनपछि सिर्जित अवस्थामा निषेधाज्ञा र कफर्चु लगाइएको थियो

नेपाली सेनाको टोली शनिबार सडकमा देखिएनन् भने प्रहरीहरू नियमित काममा फर्कन थालेका छन् । शनिबारदेखि बजारहरू खुलेका छन् । नागरिकको आवतजावत बाक्लो बन्न थालेको छ ।

जेन-जीको प्रदर्शनका कारण पाँच दिनदेखि बन्द रहेको काठमाडौं उपत्यकाको सार्वजनिक सवारीसाधनको आवागमन सञ्चालन भएको छ । काठमाडौं उपत्यकामा शनिबार सार्वजनिक बस, ट्याक्सीलगायत सवारीसाधन बिहानैदेखि चलेका थिए । जेन-जीको प्रदर्शनका कारण गत मंगलबारदेखि काठमाडौं उपत्यकामा ठप्प रहेको सार्वजनिक सवारीसाधनको आवागमन शनिबारदेखि सुरु भएको काठमाडौं उपत्यका ट्राफिक प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक दीपक गिरीले जानकारी दिए ।

उनले भने, 'शुक्रबार सार्वजनिकलगायतका सवारीसाधन फाट्टफुट्ट मात्रै चलेका थिए । बिहानदेखि बाक्लो संख्यामा चलेका छन् । यात्रुहरूको चहल पहल बढेको देखिन्छ ।' त्यसैगरी चितवनतर्फबाट शनिबार सार्वजनिक बसहरू काठमाडौंका लागि प्रस्थान गरेकाले काठमाडौंबाट बाहिरी जिल्लामा जाने सवारीसाधन शनिबार साँझदेखि चल्न सक्ने ट्राफिक प्रहरीले जानकारी दिएको छ ।

गत मंगलबारदेखि उपत्यका लगायतका सबै क्षेत्रमा जेन-जीको प्रदर्शन भएसँगै नेपाली सेनाले कर्फ्यु लगाएपछि सार्वजनिक सवारीसाधन बन्द गरिएका थिए । शनिबार बिहानदेखि काठमाडौंको कफर्चु हटाइएकाले जनजीवन सामान्य बनेको हो ।

# भैंसेपाटीको प्रहरी प्रभाग स्थानीयको पहलमा पुन:स्थापना

**ललितपुर (प्रस)–** 'जेन-जी' आन्दोलनका क्रममा जलेको ललितपुर महानगरपालिका-२५ भैंसेपाटीस्थित प्रहरी प्रभाग स्थानीयले पुन:स्थापना गरेका छन् । यही भदौ २३ र २४ गते 'जेन-जी'को नेतृत्वमा भएको आन्दोलनका क्रममा प्रदर्शनकारीले प्रहरी प्रभाग बुङ्मती भैंसेपाटीमा आगो लगाइदिएपछि त्यहाँका सबै सामग्री जलेर नष्ट भएका थिए ।

प्रहरी प्रभागका इन्चार्ज शशिधर शर्मासहितको टोली अत्यावश्यक सामग्रीसहित बिहीबार अबेर प्रभागमा प्रवेश गरेको थियो । आन्दोलनकारीले गस्तीमा प्रयोग हुँदै आएको चारपांग्रे दुईवटा सवारीसाधन, केही मोटरसाइकल र कार्यालयका सबै सामान जलाएर नष्ट पारेका थिए । प्रभागमा हाजिर हुन आएका प्रहरी निरीक्षकसहितको टोलीलाई वडा नं २५ का अध्यक्ष दौलतकुमार खत्री, वडा २२ का वडा अध्यक्ष सागर तुलाधर र २१ नं वडा अध्यक्ष रवीन्द्र महर्जनसहित स्थानीयले स्वागत गरेका थिए ।

प्रहरी टोलीलाई स्वागत गरेसँगै जलेको भवन पुनः मर्मत गरी प्रयोगमा ल्याउनका लागि स्थानीयस्तरबाट स्थानीय सुमन महतको संयोजकत्वमा ११ जनाको समिति गठन गरिएको छ । समितिले स्थानीयस्तरबाट श्रमदान, चन्दा र विभिन्न संघसंस्थाबाट सहयोग जुटाई प्रभागलाई पूर्णसञ्चालनमा ल्याउने प्रतिबद्धता व्यक्त गरेको छ । शुक्रबार ५० जनाभन्दा बढी स्थानीयहरू प्रभागको सरसफाइमा जुटेका थिए । झ्यालढोका मर्मत, रङरोगन, बत्ती एवं पानीको व्यवस्थासहित अन्य बन्दोबस्तीका सामग्री जुटाउन समिति लागिपरेको छ ।


## मोटरसाईकल हराएको

मिति २०८२/०५/२० गते काठमाडौं महानगरपालिका-७ मित्रपार्क उमाकुन्ण घरको बाहिर पार्किङ गरी राखेको Hulas Autu KTM Duke कम्पनीको Silver Metallic Matt कलरको मोटरसाईकल हराएको हुँदा देख्नु भेट्टाउनुहुने महनुभावहरूले नजिकको प्रहरी कार्यालय अथवा निम्न ठेगानामा खबर गरिदिनुहुन अनुरोध छ ।

**नाम:** सन्तोष लामा
**ठेगाना:** नबबुद्ध नपा-१५, काभ्रे
**इन्जिन नं.:** P-936Y48326
**च्यासिस नं.:** MD2JPCXEOPN019478
**फोन नं.:** 9841389052


## पृष्ठ १ बाट क्रमशः

### प्रधानमन्त्री...

त्यही भएर जेन-जी समूहले उनलाई नयाँ प्रधानमन्त्रीमा अघि सार्नु भ्रष्टाचार अन्त्यका लागि आवश्यक कदम चाल्ने विश्वासमा भएको अर्का राजनीतिशास्त्री डा. भेषराज घिमिरेले बताए । 'आन्दोलन गर्ने जेन-जीको मूल दुईवटा मागमा एउटा भ्रष्टाचार अन्त्य हो,' घिमिरेले भने, 'त्यसो हुनाले जेन-जीलाई सम्बोधन गर्न भ्रष्टाचारमा संलग्नहरूलाई छानबिनमा ल्याउन शक्तिशाली आयोग बनाउने र आयोगले गरेको छानबिनको आधारमा कारबाही गर्ने कार्यभार यो सरकारको छ ।'

सन् २०२४ मा ट्रान्सपरेन्सी इन्टरनेसनलले सार्वजनिक गरेको प्रतिवेदनअनुसार नेपाल भ्रष्ट देशको १०८औं सूचीमा छ । कार्यपालिकादेखि न्यायपालिकाको हरेक संरचनामा भ्रष्टाचारले जरो गाडेको विभिन्न प्रतिवेदनहरूले देखाएका छन् । यस्तोमा यही भदौ २३ र २४ गते आन्दोलन गरेको जेन-जी समूहको मूल एजेण्डामध्येमा भ्रष्टाचार अन्त्य भएकाले त्यसलाई सम्बोधन गर्नेगरी कदम चाल्नुपर्ने अभिभारामा नवनियुक्त प्रधानमन्त्री कार्की छिन् ।

तर, भ्रष्टाचारको छानबिन गर्न आयोग गठनमा राजनीतिक दलहरू सहमत छैनन् । भनिन्छ, राष्ट्रपति रामचन्द्र पौडेलबाट कार्कीको प्रधानमन्त्री नियुक्तिमा विलम्ब हुनुमा पनि यही विषय थियो । यहीबीच भ्रष्टाचार अन्त्यका लागि शासकीय प्रणालीमा अदलबदल गर्नुपर्ने सवाल पहिलेदेखि नै उठेको हो । जेन-जी समूहले पनि प्रत्यक्ष निर्वाचित कार्यकारीको पक्षमा वकालत गर्दै आएको छ । त्यसो हुनाले यो सवालको सम्बोधन कसरी गर्ने ? प्रधानमन्त्री कार्कीसामु अर्को चुनौती छ ।

आन्दोलनको क्रममा पहिलो दिन २३ भदौमा भएको प्रहरी दमनको छानबिन गरेर कारबाही गर्नुपर्ने अर्को दायित्व प्रधानमन्त्री कार्कीको काँधमा छ । त्यसदिन आन्दोलनकारी जेन-जी समूह संसद् भवन कब्जा गर्नेगरी अघि बढ्दा प्रहरीले बल प्रयोग गरेर १७ जनाको ज्यान लिएको थियो । ३४७ जना घाइते भएका थिए । उक्त घटनालाई नरसंहार भनिएको छ । सोही घटनामा आदेश दिने प्रधानमन्त्री, गृहमन्त्री, प्रहरी प्रमुखलगायतलाई छानबिनको दायरामा ल्याउनुपर्ने दबाब कार्कीमाथि छ ।

निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध त कर्तव्य ज्यान मुद्दामा अनुसन्धानको माग राखेर उजुरी परेको छ । कपिलवस्तुका कांग्रेस सांसद अभिषेकप्रताप साहले त्यहाँका प्रमुख जिल्ला अधिकारी दिलकुमार तामाङमार्फत महानगरीय प्रहरी वृत्त नयाँ बानेश्वरमा जाहेरी दिएका हुन् ।

आन्दोलनको दोस्रो दिन आन्दोलनकारीले सार्वजनिक तथा निजी सम्पत्तिमा तोडफोड, लुटपाट र आगजनी गरेका थिए । नेताहरूको घरदेखि सार्वजनिक सम्पत्तिमा सिंहदरबार, संसद् भवन, शीतलनिवास, सर्वोच्च अदालतलगायतका विभिन्न संरचनामा आगजनी गर्दा ध्वस्त भए । हिल्टन होटलदेखि भाटभटेनी सुरमार्केटलगायतका थुप्रै व्यावसायिक संस्थानहरू ध्वस्त भए । यी सबै घटनाको छानबिन गर्नुपर्ने जिम्मेवारी पनि कार्कीको रहेको राजनीतिशास्त्री बराल बताउँछन् ।

■■■

### प्रतिनिधिसभा...

सर्वोच्च अदालतबाट प्रतिपादन भएका नजिर र सिद्धान्तसँग प्रतिनिधिसभा विघटन कदम मेल नखाने पनि भनिएको छ । विघटनलाई संवैधानिक परम्पराविपरीतको कार्यको रूपमा दलहरूले अर्थ्याएका छन् ।

विघटनले मताधिकारको अवमूल्यन, संवैधानिक सर्वोच्चता र संविधानमाथि प्रहार भएको टिप्पणी गरेका छन् । त्यसो हुनाले संसद् विघटनको निर्णय फिर्ता लिँदै संसद्को बैठक बोलाउन उनीहरूको माग छ ।

'प्रतिनिधिसभा विघटन गरिएको भनिएको निर्णय फिर्ता लिई तत्काल संसद्को बैठक बोलाई जनता र आन्दोलनरत समूहको माग जननिर्वाचित संस्थाबाटै सम्बोधन हुने वातावरण सिर्जना गर्न सम्बन्धित सबैसँग जोडदार माग गर्दछौं,' विज्ञप्तिमा भनिएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले अन्तरिम सरकारका नवनियुक्त प्रधानमन्त्री सुशीला कार्कीको सिफारिसका आधारमा शुक्रबार प्रतिनिधिसभा विघटन गरेका थिए । विघटनको माग जेन-जी समूहको हो । समूहको मागअनुसार नै आवश्यकताको सिद्धान्तलाई टेकेर प्रधानमन्त्री कार्कीको सिफारिसमा राष्ट्रपति पौडेलले प्रतिनिधिसभा विघटन गरे । विघटनको आठ दलबाट विरोध भएको हो ।

रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले प्रतिनिधिसभा विघटनबारे धारणा सार्वजनिक गरेको छैन । तर, यो दलका सांसदहरूले सामूहिक राजीनामा घोषणा गरेका छन् । राजेन्द्र लिङ्देन र उनको दल राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) त संसद् विघटनकै पक्षमा थियो । त्यसो हुनाले विघटनको कदमलाई यो दलले स्वीकारेको छ । यससँगै राप्रपा सांसदहरूको सामूहिक राजीनामा घोषणा भइसकेको छ । उपेन्द्र यादव अध्यक्ष रहेको जनता समाजवादी पार्टी, नेपालले पनि विरोध जनाएको छ । राष्ट्रिय जनमोर्चा, आम जनता पार्टी नेपाललगायत दलले पनि प्रतिनिधिसभा विघटनप्रति असहमति प्रकट गरेका छन् ।

विघटनलाई अस्वीकार गरे पनि राजनीतिक दलहरूले सुशीला कार्कीलाई प्रधानमन्त्रीमा स्वीकारेका छन् । यसअघि भने प्रधानन्यायाधीश भइसकेको व्यक्ति प्रधानमन्त्री हुन नमिल्ने तर्क अघि सारेका थिए । तर, आवश्यकताको सिद्धान्त र जेन-जी समूहको अडानका कारण प्रधानमन्त्रीमा कार्कीलाई नियुक्त गर्न राष्ट्रपति पौडेल बाध्य भएका थिए । उनै कार्कीको प्रधानमन्त्रीमा भएको नियुक्तिबारे पनि दलहरूले प्रश्न नउठाएका हुन् ।

■■■

### कोरियामा...

यसै महिनाको प्रारम्भमा सचिवहरूसँगको बैठकका क्रममा राष्ट्रपति लीले विदेशी श्रमिकसँग सम्बन्धित अन्यायपूर्ण व्यवहार र ज्याला भुक्तानीको सत्यतथ्य छानविन गर्न प्रभावकारी अनुसन्धानका लागि निर्देशन दिएका थिए ।

अर्थतन्त्रको शक्तिकेन्द्रबाट सांस्कृतिक राष्ट्रका रूपमा विकास भएको स्थितिमा कोरियामा काम गर्ने विदेशीहरूले अन्यायपूर्ण व्यवहारको सामना गर्नु हुँदैन भन्ने कुरामा लीले जोड दिएको बुझिएको छ । श्रमिकहरूका लागि सहायताका उपायहरू खोज्दै ठोस योजनाहरू तयार गर्न र पेस गर्न सम्बन्धित निकायहरूलाई आदेश दिएको उनका प्रवक्ता काङ यु-जुङले जानकारी दिएका छन् । यही सेप्टेम्बर ४ मा कोरियाको राष्ट्रिय मानवअधिकार आयोगले मन्त्रालयको कानुन बनाउने प्रयासलाई स्वागत गरेको छ । मानवअधिकारको संरक्षणका लागि यो एक सकारात्मक कदम भएको आयोगले प्रतिक्रिया दिएको थियो ।

■■■

### प्रधानमन्त्रीको...

सापकोटाले मन्त्रालयकै जनशक्ति खटिइएर सरसफाइ, फोहोर व्यवस्थापन गरी दैनिक कार्य सञ्चालन गर्ने प्रयासको थालनी गरिएको बताए । 'सरसफाइको काम अघि बढाएका छौं, समय लाग्छ, सरसफाइ सकेर मर्मतसम्भारमा लाग्छौं,' प्रवक्ता सापकोटाले भने, 'कर्मचारीबाट जुटेर गर्न सकिनेसम्मका काम सकेसम्म गर्छौं ।' आगजनीबाट कति क्षति भयो त्यसको आँकलन गर्न नसक्दा क्षतिको लगत निकाल्न नसकिएको उनको भनाइ छ । प्रवक्ता सापकोटाले भने, 'क्षतिको लगत निकाल्न एउटा टोली बनाएका छौं, त्यसले काम गरिरहेको छ, पार्किङमा राखिएका गाडी, कम्प्युटर, फर्निचर, टेलिभजन सेटमा क्षति पुगेका छन् ।' आफैं जुटेर काम गर्दा के-कति क्षति भयो र कुन विधिबाट काम अघि बढाउँदा कार्यालय छिटो तयार गर्न सकिने उनको भनाइ छ ।

संरचनागत क्षति नभएको स्थानमा कार्यालयलाई पूर्ववत् अवस्थामा ल्याउन आफूहरूले गरिरहेको कामले सहयोग पुग्ने उनको विश्वास छ । शिक्षा मन्त्रालयका कर्मचारी जुटेर अघि बढाइएको त्यस कार्यले आन्दोलनबाट प्रभावित भएका अन्य मन्त्रालय र कार्यालय सञ्चानका लागि प्रेरित गर्ने छ ।


नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
चिकित्सा विज्ञान राष्ट्रिय प्रतिष्ठान
**राष्ट्रिय ट्रमा सेन्टर**
महांकाल काठमाडौं

**बिद्युतीय बोलपत्र आव्हानको सूचना**

(प्रथम पटक प्रकाशित मिति: २०८२/०५/२९ गते)

चालू आ.ब. २०८२/०८३ मा यस अस्पतालको लागि आवश्यक पर्ने तपशीलमा उल्लेखित सामाग्री विद्युतीय बोलपत्रको माध्यम (e-bidding) बाट खरिद गर्नुपर्ने भएकोले योग्यता पुगेका इच्छुक फर्मरकम्पनीहरु खरिद प्रक्रियामा सहभागी हुनको लागि यो सूचना प्रकाशित गरिएको छ।

| सि.नं. | बोलपत्र नं. | विवरण | फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १. | NTrC/G/NCB/04-082/83 | Supply and Delivery of Clothes items | ३,०००/- | १,२०,०००/- | Single Stage: Two Envelope |

विस्तृत जानकारीको लागि:- Visit Website: www.bolpatra.gov.np/egp तथा कार्यालय समयभित्र यस अस्पतालको फोन नं. ०१-४२२४९२८ मा सम्पर्क गरी बुझ्न सकिनेछ ।

प्रमुख मेडिकल सुपरिन्टेण्डेण्ट



Government of Bagmati Province
Ministry of Health
Health Directorate
**Ramechhap Hospital**
Ramechhap, Nepal

**Invitation for Electronics Bids**

**IFB No.: RH/RCH/NCB/GOODS/3/082/083**
**First Date of Publication: 2082/05/29**

1. Ramechhap Hospital invites NCB (1s1e) from eligible bidders for the domestic bidders for the Contracts name below.

| S. N. | IFB No. (Package Name) | Work/ Description | Cost of Bid Document (Nrs.) | Total Estimated Amount without VAT (Nrs.) | Bid Security Period | Bid Security Amount (Nrs.) | Last date/ time of bid Sumission | Last date of bid opening |
|---|---|---|---|---|---|---|---|---|
| 1 | RH/RCH/NCB/GOODS/3.1/082/083 | Supply & Delivery of Reagent for Erba XL-200 Automated Clinical Chemistry Analyzer | 3,000.00 | 2586700.00 | 120 days | 65000.00 | At 12:00 PM on 2082/06/28 | At 2:00 PM on 2082/06/28 |
| 2 | RH/RCH/NCB/GOODS/3.2/082/083 | Supply & Delivery of Reagent for iFlash 1200-A CLIA Machine | 3,000.00 | 2725400.00 | 120 days | 70000.00 | | |
| 3 | RH/RCH/NCB/GOODS/3.3/082/083 | Supply & Delivery of Reagent for Vision Pro-B ESR Analyzer | 3,000.00 | 123900.00 | 120 days | 3500.00 | | |
| 4 | RH/RCH/NCB/GOODS/3.4/082/083 | Supply & Delivery of Reagent for Hemax 530AL Automated Hematology Analyzer (5 Parts) | 3,000.00 | 607800.00 | 120 days | 16000.00 | | |
| 5 | RH/RCH/NCB/GOODS/3.5/082/083 | Supply & Delivery of Reagent for H900 Horron Electrolyte Analyzer | 3,000.00 | 337900.00 | 120 days | 9000.00 | | |
| 6 | RH/RCH/NCB/GOODS/3.6/082/083 | Supply & Delivery of Reagent for H900 ICHROMA II | 3,000.00 | 258600.00 | 120 days | 6500.00 | | |
| 7 | RH/RCH/NCB/GOODS/3.7/082/083 | Supply & Delivery of Reagent for Erba ECL105 Coagulation Analyzer | 3,000.00 | 25700.00 | 120 days | 700.00 | | |
| Account details for bid document purchase: | | | Name of Bank: Rastriya Banijya Bank Name of Office: Ramechhap Hospital Office Code Number: 3700124013 Revenue Account No. 1000100200010000 Revenue Code No. 14229 | | | | | |
| Account details for bid security deposit: | | | Account Rame: Ramechhap Hospital Name of Bank: : Rastriya Banijya Bank, Ramechhap/Manthali Branch Account Number: 1680100202030000 | | | | | |

2. Bidder shall have the option of submitting their bids electronically only. Submission of Hard Copy bid shall not be entertained.
3. Matters not covered in this notice shall be accordance with prevailing rules and regulation of GoN.
4. Bidder shall be evaulated on item-wise basis and bidders should must submit Manufacture's Authorization Letter of Specified Machine for the quoted items in the package as per ITB 17.1(c)
5. Any amendments in this Tender notice will be posted in the notice board of Ramechhap Hospital or may visit PPMO e-GP System at **www.bolpatra.gov.np/egp**.

**Dr. Amit Kumar Shah**
**Act.Medical Superintendent**



**Tadi Rural Municipality**
Office of Rural Municipal Executive
Kharanitar, Nuwakot

**Invitation For Bids**

**(First Date of Publication:14th September 2025)**

1. The Tadi Rural Municipality invites sealed quotation from registered Suppliers for the procurement of following goods as mentioned below:

| S.N. | Description of Procurement | Sealed Quotation No. | Bid Securit Amount (Nrs.) | Bid Document Fee(Nrs.) | Last Date of Bid Submission | Date of Bid Opening |
|---|---|---|---|---|---|---|
| 1 | Supplying and Delivery of Stationery and official Goods | TRM/SQ/GOODS/2082/83-1 | 45,000.00 | 1000.00 | 2025-10-05 12:00 PM | 2025-10-05 1:00 PM |

2. Eligible Bidders may obtain further information from PPMO egp system and may visit website **www.bolpatra.gov.np/egp.**

**Chief Administrative Officer**



गंगा नदीको पानीको सतह बढेपछि भारतको वाराणसीस्थित दशाश्वमेध घाटको किनारमा बाढीले आंशिकरूपमा डुबेको मन्दिर बाहिर प्रार्थना गर्दै एक हिन्दू भक्तजन । *तस्बिरः एएफपी*

# कतार इजरायलबीचको कूटनीतिक दूरी बढ्दै, गाजा युद्ध अझै जटिल बन्दै

**वासिङ्टन–** अमेरिकी विदेशमन्त्री मार्को रुबियोले इजरायल भ्रमणअघि कतारका प्रधानमन्त्री शेख मोहम्मद बिन अब्दुलरहमान अल थानीसँग महत्त्वपूर्ण भेटवार्ता गरेका छन् । यो भेटले अमेरिका, कतार र इजरायलबीचको संवेदनशील कूटनीतिक सन्तुलनमा सकारात्मक प्रभाव पार्ने विश्वास गरिएको छ ।

उक्त भेटपछि रुबियो आइतबारदेखि दुई दिने इजरायल भ्रमणमा जाने छन्, जहाँ उनले इजरायली नेतृत्वसँग क्षेत्रीय सुरक्षा, गाजा युद्धसम्बन्धी वर्तमान अवस्था तथा बन्धक मुक्तिका सम्भावनाबारे छलफल गर्ने छन् ।



## ट्रम्प प्रशासनको संवेदनशील सन्तुलन प्रयास

हालै इजरायलले कतारको राजधानी दोहामा हमासका नेताहरूलाई लक्षित गरी गरेको कारबाहीका कारण कतार, साउदी अरेबिया र युएईजस्ता खाडी मुलुकहरूमा असन्तुष्टि देखिएको थियो । राष्ट्रपति डोनाल्ड ट्रम्पले पनि उक्त कारबाहीले अमेरिका वा इजरायलको दीर्घकालीन हितमा योगदान नपुऱ्याउने टिप्पणी गरेका छन् ।

संयुक्त राष्ट्रसंघ सुरक्षा परिषद्लेसमेत उक्त आक्रमणको आलोचना गर्दै संयम अपनाउन आग्रह गरेको छ । कतारका प्रधानमन्त्रीले सुरक्षा परिषद्को बैठकमा बोल्दै गाजामा रहेका बन्धकहरूको सुरक्षाप्रति चासो व्यक्त गरेका छन् र कूटनीतिक प्रयासहरू जारी राख्ने प्रतिबद्धता जनाएका छन् ।

## इजरायली नेताहरूसँग गाजाबारे छलफल

विदेश मन्त्रालयका अनुसार, रुबियोको इजरायल भ्रमणका क्रममा उनले गाजामा इजरायलको रणनीतिक लक्ष्य, बन्धक मुक्ति प्रयास तथा प्यालेस्टाइनी राज्यका सम्बन्धमा युरोपेली मुलुकहरूको सम्भावित मान्यताबारे अमेरिकी धारणा स्पष्ट पार्ने छन् ।

उनले हमासद्वारा अपहरणमा परेका व्यक्तिहरूका परिवारसँग पनि भेट गर्ने छन्, जसले बन्धकहरूको सुरक्षित फिर्ती अमेरिका र इजरायल दुवैका लागि उच्च प्राथमिकता भएको सन्देश दिन मद्दत गर्नेछ । रुबियो यरुशलेमस्थित ऐतिहासिक स्थल 'सिटी अफ डेविड'को भ्रमण गर्ने कार्यक्रमसमेत रहेको छ, जुन इजरायल र प्यालेस्टाइनबीचको विवादास्पद क्षेत्र मानिन्छ । *रासस/एपी*

# पाकिस्तानको दक्षिण वजिरिस्तानमा तालिबानको आक्रमण, दर्जनौं सुरक्षाकर्मी मारिए

**पेशावर, पाकिस्तान–** पाकिस्तानको उत्तरपश्चिमी क्षेत्रमा रहेको दक्षिण वजिरिस्तान जिल्लामा शनिबार बिहान करिब ४ बजे पाकिस्तानी तालिबान समूहद्वारा गरिएको आक्रमणमा कम्तीमा १२ सुरक्षाकर्मीको ज्यान गएको छ ।

स्थानीय सरकारी अधिकारीका अनुसार सैनिकहरूको एक गस्ती दल गुडिरहेको बेलामा दुवैपट्टिबाट भारी हतियारसहित आक्रमण गरिएको थियो। आक्रमणमा १२ सुरक्षाकर्मी मारिएका र अन्य चार घाइते भएका छन् ।

घटनास्थलमा तैनाथ अर्का एक सुरक्षाकर्मीले पनि मृत्युको संख्या पुष्टि गरेका छन् र आक्रमणकारीहरूले सुरक्षाकर्मीहरूको हतियार पनि कब्जामा लिएको जानकारी दिएका छन् । पाकिस्तानी तालिबान, जसलाई तहरीक-ए-तालिबान पाकिस्तान भनिन्छ, यो समूह अफगान तालिबानबाट पृथक भए पनि घनिष्ठ सम्बन्ध रहेको मानिन्छ । उक्त आक्रमणको जिम्मेवारी सोही समूहले सामाजिक सञ्जालमार्फत लिएको छ ।

यो आक्रमण पछिल्ला महिनाहरूमा खैबर पख्तुनख्वा प्रान्तमा भएको सबैभन्दा घातक घटनामध्ये एक हो । सो क्षेत्र केही वर्षअघिसम्म तहरीक-ए-तालिबानको प्रभावमा थियो, जसलाई सन् २०१४ देखि सुरु भएको सैनिक कारबाहीपछि पछि धकेलिएको थियो ।

पाकिस्तानी सरकारले अफगानिस्तानमाथि आतंककारीहरूलाई आफ्नो भूमिबाट पाकिस्तानमाथि आक्रमण गर्न दिएको आरोप लगाउँदै आएको छ, जुन आरोपलाई काबुलस्थित अफगान सरकारले अस्वीकार गर्दै आएको छ । खैबर पख्तुनख्वा प्रान्तका विभिन्न जिल्लाहरूमा स्थानीयहरूले तहरीक-ए-तालिबानको नाम लेखिएको पर्खाल लेखोटहरू देखिएको बताएका छन् । उनीहरू पुनः सोही समूहको त्रासद शासन फर्कने डर व्यक्त गर्छन्, जुन अमेरिकी 'आतंकविरुद्धको युद्ध' को समयमा अफगानिस्तानबाट फैलिएको थियो ।

एक वरिष्ठ स्थानीय अधिकारीका अनुसार पछिल्लो समय तहरीक-ए-तालिबानका लडाकूहरूको संख्या र आक्रमणहरूको संख्या दुवै बढेको छ । सन् २०२५ को जनवरी १ देखि हालसम्म करिब ४६० जनाको ज्यान गइसकेको छ, जसमा धेरैजसो सुरक्षाकर्मीहरू रहेका छन् । यी आक्रमणहरू खैबर पख्तुनख्वा र बलुचिस्तान प्रान्तमा भएका हुन् । सन् २०२४ पाकिस्तानका लागि झण्डै एक दशकयताकै सबैभन्दा रक्तपातपूर्ण वर्ष बनेको थियो, जसमा एक हजार ६०० भन्दा बढी मानिसको मृत्यु भएको थियो, तीमध्ये करिब आधा सुरक्षाकर्मी र प्रहरी थिए, जसको विवरण इस्लामाबादस्थित अनुसन्धान संस्था 'सुरक्षा अध्ययन तथा अनुसन्धान केन्द्र'ले दिएको हो । *रासस/एएफपी*

# म्यानमाको राखाइनमा हवाई आक्रमण, १९ जना विद्यार्थीको मृत्यु

**क्याउक्ताव, राखाइन–** म्यानमाको पश्चिमी राज्य राखाइनमा भएको एक हवाई आक्रमणमा परी कम्तीमा १९ जना उच्च माध्यमिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरूले ज्यान गुमाएका छन् । घटनाबारे जानकारी दिँदै सशस्त्र समूह अराकान आर्मी (एए) ले उक्त आक्रमण क्याउक्ताव नगरपालिकामा रहेका दुई निजी विद्यालयहरूमा भएको जनाएको छ ।



उक्त समूहले सार्वजनिक गरेको विज्ञप्तिअनुसार आक्रमण मध्यरातपछिको समयमा भएको हो, जसमा १५ देखि २१ वर्ष उमेर समूहका विद्यार्थीहरूको मृत्यु भएको र थप २२ जना घाइते भएका छन् । एएले आक्रमणका लागि म्यानमारको सैनिक सरकारलाई जिम्मेवार ठहर गरेको छ । 'निर्दोष विद्यार्थीहरूको असमय निधनले हामीलाई पीडित परिवारसरह अत्यन्तै दुःखी तुल्याएको छ,' विज्ञप्तिमा उल्लेख गरिएको छ । स्थानीय सञ्चारमाध्यम म्यानमा नाउले जनाएको विवरणअनुसार, सैनिक सरकारको युद्धक विमानले दुईवटा ५०० पाउण्डका विष्फोटक सामग्री विद्यालय भवनमाथि खसालेको थियो, जब विद्यार्थीहरू निद्रामा थिए ।

घटनापछि बालअधिकारको संरक्षण गर्ने अन्तर्राष्ट्रिय संस्था युनिसेफले वक्तव्य जारी गर्दै यस आक्रमणप्रति गहिरो चिन्ता र दुःख व्यक्त गरेको छ । युनिसेफले भन्यो, 'यो आक्रमण राखाइन राज्यमा पछिल्लो समय हुँदै आएको हिंसात्मक घटनाहरूको भयावह नमूना हो, जसको सबैभन्दा पीडादायक मूल्य बालबालिका र निर्दोष परिवारहरूले चुकाइरहेका छन् ।'

सञ्चार संस्था एएफपीले घटनास्थल वरपरको जानकारी लिन खोज्दा इन्टरनेट र फोन सेवा अत्यन्तै कमजोर भएकोले प्रत्यक्ष विवरण प्राप्त गर्न नसकेको उल्लेख गरेको छ । सन् २०२१ मा म्यानमाको प्रजातान्त्रिक सरकारलाई सैनिकले हटाएपछि देशमा विभिन्न सशस्त्र समूहहरूद्वारा प्रतिरोध तीव्र बन्दै गएको छ । यसबीच, सैनिक सरकारमाथि बारम्बार सर्वसाधारण क्षेत्रहरूमा हवाई तथा तोप आक्रमण गर्ने गम्भीर आरोपहरू लाग्दै आएका छन् । *रासस/एएफपी*

# रूसको क्यामचात्का क्षेत्रमा ७.४ म्यागिनच्युडको भूकम्प

**क्यामचात्का, रूस–** रूसको क्यामचात्का प्रायद्वीपको तटमा ७.४ म्यागिनच्युडको भूकम्प गएको छ । यस भूकम्पको केन्द्र पेट्रोपावलोव्स्क-कामचात्स्की सहरको १११ किलोमिटर पूर्वमा थियो, जुन क्यामचात्का क्षेत्रको प्रशासनिक केन्द्र हो ।

भूकम्पको गहिराइ ३९.५ किलोमिटर थियो । सुरूआतमा यस भूकम्पको माप ७.५ म्यागिनच्युड बताइएको थियो, तर पछि ७.४ म्यागिनच्युड रहेको जनाइएको छ ।

प्रशान्त महासागर सुनामी चेतावनी केन्द्रले सुरुमै यस भूकम्पका कारण 'खतरनाक' सुनामीका लहरहरू उत्पन्न हुने चेतावनी दिएको थियो, जसको उचाइ एक मिटर (३.३ फिट) सम्म हुन सक्थ्यो । पछि भने, उक्त चेतावनी हटाइयो र 'सुनामीको खतरा अब टरेको' भनेको छ ।

यस भूकम्पको कारण कुनै ठूलो सुनामी उत्पन्न भएको छैन र त्यसले तटीय क्षेत्रहरूमा खास असर गरेको पनि देखिएको छैन । साथै, जुलाई महिनामा क्यामचात्का प्रायद्वीपमा एक अत्यन्त शक्तिशाली भूकम्प ८.८ म्यागिनच्युडको आएको थियो। यस भूकम्पले प्रशान्त महासागरमा चार मिटर (१३ फिट) उचाइका सुनामीका लहरहरू उत्पन्न गरेको थियो, जसका कारण हवाईदेखि जापानसम्मका क्षेत्रहरूमा आपत्कालीन निकासी गरिएको थियो । यो भूकम्प २०११ मा जापानको ९.१ म्यागिनच्युडको भूकम्पपछि आएको सबैभन्दा शक्तिशाली भूकम्प हो ।

क्यामचात्का क्षेत्रको भूकम्पीय गतिविधि उच्च म्यागिनच्युडका भूकम्पहरूका लागि प्रसिद्ध रहेको र भविष्यमा यस्ता घटनाहरू घट्न सक्ने सम्भावना पनि रहेको छ । *रासस/एएफपी*


**कालिमाटी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**रामपुर सल्यान**
**कर्णाली प्रदेश नेपाल**

**नदिजन्य पदार्थ उत्खनन् गरी बिक्री वितरण तथा आन्तरिक निकासी गर्ने कार्यको दरभाऊ पत्र आव्हान सम्बन्धी सूचना**

**दोस्रो पटक सूचना प्रकाशित मिति २०८२।०५।२९**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को घ (१) घ को (२) घ को (६) मा भएको व्यवस्था बमोजिम कालिमाटी गाउँपालिकाको अधिकार क्षेत्रभित्र पर्ने नदीजन्य पदार्थको ढुङ्गा, गिट्टी, बालुवाको आन्तरिक आय संकलन गर्न प्रारम्भिक वातावरण परीक्षण (IEE) प्रतिवेदन अनुसार सार्वजनिक खरिद ऐन २०६३ को दफा ९ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ बमोजिम देहायका शिर्षकहरुमा राजश्व असुली सम्बन्धी कार्य आ.व.२०८२।०८३ को लागि दरभाउपत्र / बोलपत्र बन्दोवस्त गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन गरीएको छ । सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र कानूनी प्रक्रिया पुरा गरेका योग्य फर्महरुले दरभाउपत्र खरिद गरी देहायको मिति र समय भित्र दरभाउपत्र पेश गर्नुहुन अनुरोध छ ।

**आन्तरिक आय ठेक्का विवरण**

| क्र.सं | ठेक्का नं. | नदी/ खोलाको घाटको विवरण | आ.व २०८२।०८३ को नदिजन्य पदार्थ विक्रि परीमाण (घन फिटमा ) | आव.२०८२ । ८३ को नदिजन्य पदार्थ विक्रि बापत जम्मा विकि शुल्कको न्यूनतम अंक (भ्याट बाहेक) | धरौटी रकम | बोलपत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| 1. | KRM/SQ/GOODS/2082/83/02 | शारदा नदि (त्रिवेणी सिमाना माझखोला दोभान, कालिधरा कोलतरा, खैरेनी, पिप्ले, पुरुवा खेत सिम्लेछहरा,जुमखोला दोभान, जुमखोला) क्षेत्र | १९४५८३.८३ | ९७२९१९.१५८५ | कबोल अंकको ५% | १००० |

**प्रमुख प्रशासकीय अधिकृत**



**कतारमा रोजगार** कम्पनी : AR FOOD DELIVERY SERVICES

पूर्व स्वीकृति मिति : २०८२/०५/२६ | LT. No. 330848 | चलानी नं. ६०२४४७२६

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Driver | 10 | 0 | 1800 | ६९,८०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ५ गते (21th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९६/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. License No. 1048/073/074
C. D. HUMAN RESOURCES PVT. LTD.
Sinamangal-9, Tatra Hallchowk, Kathmandu, Nepal, Tel: (977)-1-4486262 Mobile: 9708959664, 9707631231, 9804907356 E-mail : info@cdnepal.com, cdhr007@gmail.com, Web: www.cdnepal.com



**साउदीमा रोजगार** कम्पनी : QUEEN'S TASTE FOR BAKERIES AND SWEETS LLC

पूर्व स्वीकृति मिति : २०८२/०५/२७ | LT. No. 330926 | चलानी नं. ६०२४४७२३

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facilities Cleaning Worker | 8 | 0 | 1400 | ५२,६८३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८२ असोज ५ गते (21th Sep. 2025) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Government License No. 1180/073/74
Fine Job Recruitment Pvt. Ltd.
Gyanjyoti Marga-4, Maharajgung, Kathmandu, Phone No. 01-4110722 / 4110721, 9801061512
E-mail : finejobrecruitment@gmail.com, GPO Box No.:- 6163 , web:- www.finejob.com.np



**वर्गीकृत विज्ञापन संकलन काउन्टर**

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८र९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१ । ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१ । Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217 । दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञान्ज्योति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी-विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फचाक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफचाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २१५८०० | प्रति तोला – ० | प्रति तोला – २५६५ |



**बिक्रीका लागि चौरीको छुर्पी** | ताप्लेजुङको सिदिङवा गाउँपालिका–१ कालिखोलास्थित तिम्बुङ पोखरी जाने पदमार्गमा रहेको चौंरी गोठमा सुकाएर राखिएको छुर्पी । यहाँ उत्पादित छुर्पी बजारमा प्रति किलो एक हजार २०० रूपैयाँमा किनमेल हुने गर्छ ।

*तस्बिर : दिलकुमार लिम्बू/रासस*

# सामान्य सेवा मात्रै दिन सक्ने अवस्थामा अर्थ प्रशासन



**काठमाडौं–** जेनजी प्रदर्शनका क्रममा भएको तोडफोड तथा आगजनीबाट अर्थ प्रशासनको काम कारबाही प्रभावित भएको छ । अर्थ मन्त्रालय, भन्सार तथा कर कार्यालयहरू, कोष तथा लेखा नियन्त्रक कार्यालयहरूलगायत सरकारी निकाय क्षतिग्रस्त हुँदा तत्काल सामान्य प्रकृतिका बाहेक सेवा दिन नसक्ने अवस्थामा अर्थ प्रशासन पुगेको हो ।

अहिले यी निकायहरूले क्षतिको विवरण संकलन गर्ने र क्रमशः सेवा सञ्चालनमा ल्याउने तयारी गरिरहेका छन् । अर्थ मन्त्रालयका प्रवक्ता टंकप्रसाद पाण्डेयका अनुसार बजेट महाशाखाअन्तर्गतका केही शाखामा क्षति पुगेको छ भने अरु संरचनाबाट तत्काल सेवा दिन सक्ने अवस्थामा मन्त्रालय रहेको छ । मन्त्रालयअन्तर्गतका मुख्य तीनवटा सफ्टवेयरहरू र त्यसको तथ्यांक सुरक्षित रहेको जानकारी पनि उनले जानकारी दिए ।

'बजेट महाशाखाअन्तर्गतका केही शाखामा क्षति पुगेको छ । मन्त्रालयगत बजेट बजेट सूचना प्रणाली (एलएमबिआईएस), भन्सारअन्तर्गतको आसिकुडा र करतर्फको एकीकृत कर प्रणाली (आईटिएस) सुरक्षित छ', उनले भने । उनका अनुसार आगजनीबाट मन्त्रालयका २५ वटा कार पूर्णरूपमा जलेर नष्ट भएका छन् भने २० हाराहारी कारमा आंशिक क्षति पुगेको छ । त्यस्तै ४० वटा मोटरसाइकल जलेर नष्ट भएको प्रवक्ता पाण्डेयले जानकारी दिए ।

अहिले देशभरका भन्सार र कर कार्यालयहरूको क्षतिको विवरण संकलन गर्ने काम भइरहेको छ । भन्सारको सेवा सञ्चालनमा आइसकेको छ भने आन्तरिक राजस्व कार्यालयको अनलाइन सेवा मात्रै सञ्चालनमा छ । आन्तरिक राजस्व विभागका महानिर्देशक मदन दाहालका अनुसार काठमाडौं उपत्यका बाहिरका चार-पाँच वटाबाहेक सबै कर कार्यालयमा क्षति पुगेको छ ।

'सरकारले काम सुरु गर्नु भन्यो भने काठमाडौं उपत्यकाभित्रका कार्यालयहरूबाट तत्काल सेवा दिन सक्ने अवस्थामा छन् । तर, काठमाडौं बाहिरका धेरै वटा कार्यालय तत्काल सञ्चालनमा आउन सक्ने अवस्थामा छैनन्', महानिर्देशक दाहालले भने । उनका अनुसार दमक, इटहरी, विराटनगर, लहान, जनकपुर, हेटौंडा, वीरगञ्ज, सिमरा, दमौली, पोखरा, भैरहवा, बुटवल, नेपालगञ्ज, डडेलधुरा, धनगढी कर कार्यालय पूर्णरूपमा नष्ट भएका छन् । यी कार्यालयबाट तत्काल सेवा दिन सक्ने अवस्था नरहेको दाहालको भनाइ छ ।

जतिसक्दो चाँडो सेवा पुनःसञ्चालनका लागि प्रयास भइरहेको उनले बताए । 'कर कार्यालयहरूमा पुगेको क्षतिको विवरण संकलनका लागि अहिले जिल्ला प्रशासन कार्यालयको समन्वयमा मुचुल्का बनाउने काम भइरहेको छ । त्रिपाल टाँगेर भए पनि सेवा दिन सकिन्छ कि भनेर वैकल्पिक व्यवस्थामार्फत सेवा दिनका लागि पनि तयारी गर्न भनिएको छ', उनले भने, 'अहिले कर कार्यालयको अनलाइन सेवामा समस्या छैन । धेरै काम अनलाइनबाटै हुने गरेको छ । तर अधिकांश कार्यालयबाट भौतिक रूपमा सेवा दिन सक्ने अवस्था छैन ।'

जेनजी समूहबाटै आन्तरिक राजस्व विभागको वेभसाइटमा साइबर आक्रमणसमेत भएको थियो । केही समय ह्याकरको कब्जामा पुगेकोमा त्यसलाई फिर्ता ल्याउन सफल भएको उनले बताए । भद्रपुर, धरान, कावासोती, जुम्ला, कृष्णनगर, सुर्खेत, महेन्द्रनगर कर कार्यालयमा क्षति नरहेकाले तत्काल सेवा दिन सकिने अवस्थामा छन् ।

भन्सार विभागका सूचना अधिकारी किशोर बर्तौलाका अनुसार भन्सार सेवा सञ्चालनमा आइसकेको छ । दैनिक उपभोग्य वस्तु तथा अत्यावश्यक खाद्यान्न, फलफूल, ग्यास, तेललगायतका वस्तुको जाँचपासलाई प्राथमिकतामा दिइएको उनले बताए ।

'भद्रपुर, काकरभिट्टा, विराटनगर, भैरहवा, कैलाली र जनकपुर भन्सार कार्यालयमा धेरै क्षति पुगेको छ । क्षतिको वास्तविक विवरण आइसकेको छैन । अहिले जिल्ला प्रशासन र प्रहरीसँगको समन्वयमा मुचुल्का तयार पार्ने काम भइरहेको छ', बर्तौलाले भने । भौतिक संरचनामा क्षति भए पनि भन्सार जाँचपासका लागि प्रयोग हुने आसिकुडा प्रणालीमा क्षति नपुगेको सीमित स्रोतसाधनबाटै वस्तु जाँचपास सुरु गरिएको उनको भनाइ छ । चीनतर्फतको कोरला नाका आइतबारदेखि सञ्चालनमा ल्याउने तयारी गरिरहेको उनले जानकारी दिए ।

आन्दोलनका क्रममा विभिन्न भौतिक संरचनामा क्षति पुगेपछि अहिले अधिकांश सरकारी खाता प्रणाली बन्द गरिएका छन् । महालेखा नियन्त्रक कार्यालयका सूचना अधिकारी ओमप्रसाद रिजालले अहिले राजस्व व्यवस्थापन सूचना प्रणाली (आरएमआइएस) मात्रै सञ्चालनमा ल्याउन सकिएको बताए । 'कैलाली कोलेनिकामा पूर्णरूपमा क्षति पुगेको छ । मकवानपुर, विराटनगर, त्रिपुरेश्वरलगायतका कार्यालयमा क्षति पुगेको छ । क्षतिका विवरणहरू संकलन भइरहेका छन्', उनले भने, 'स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र), एकल खाता कोष प्रणाली (टिएसए), कम्प्युटरकृत सरकारी लेखा प्रणाली (सिगास) लगायतका सरकारी खाता सञ्चालनमा आउन सकेका छैनन् । नयाँ सरकारबाट के निर्देशन आउँछ, त्यहीअनुसार अघि बढ्छौं ।' *रासस*

# पर्यटन क्षेत्रमा २५ अर्बको नोक्सानी छिट्टै पुनः रूत्थान हुने विश्वास

■ **सिबी अधिकारी**

**काठमाडौं–** सुशासनलगायत विभिन्न मुद्दासहित जेनजीले गरेको प्रदर्शनका कारण मुलुकले अपूरणीय क्षति बेहोर्‍यो । केही मानवीय क्षति भयो । राज्यका तीन अंग कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकामाथि भौतिक आक्रमण र चौथो अंग भनिने पत्रकारिता क्षेत्रमाथिको आक्रमणले मुलुकलाई कमजोर बनाउने प्रयास भयो । केही निजी सम्पत्तिमा पनि नराम्ररी क्षति पुग्यो । अहिले पनि अस्पतालमा ठूलो संख्याका घाइते प्रदर्शनकारी उपचाररत छन् ।

यही भदौ २३ र २४ गते भएको प्रदर्शनले मुलुकको भौतिक संरचना, मानवीय क्षतिमात्र भएन अन्तरराष्ट्रिय पहिचान र शाखाको रूपमा रहेको मुलुकको पर्यटन क्षेत्रमा पनि नकारात्मक असर पर्‍यो । पर्यटकीय सिजन सुरु हुनै लाग्दाको विकसित परिस्थितिले पर्यटनलाई थिलथिलो बनायो । कयौं पर्यटकीय पूर्वाधारमा क्षति पुग्यो ।

आगामी पर्यटकीय सिजनका लागि आएको विदेशी नागरिकको बुकिङ केही प्रतिशत रद्द भए । यसले पर्यटन क्षेत्रमा एक खालको अन्यौलता सिर्जना भयो । भूकम्प, नाकाबन्दी, कोरोना महामारीले शिथिल बनेको मुलुकको पर्यटन विस्तारै पुरानै लयमा फर्किएको थियो । पछिल्लो विकसित परिस्थितिले पुनः पर्यटन क्षेत्रलाई झस्काएको छ । तर, कालोबादलभित्र चाँदीको घेरादेखिएझैं पर्यटन क्षेत्रमा अझै आशाका किरण प्रसस्त छन् । र फेरि मुलुकको पर्यटन उठ्ने छ । विगतका विपदजस्तो अवस्था नरहेकाले पर्यटन क्षेत्र विस्तारै चलायमान बन्ने विज्ञ एवं सरोकारवालाको विश्वास छ ।

पूर्वअर्थसचिव रामेश्वर खनालले नेपालको पर्यटन क्षेत्र छिट्टै पुनःरुत्थान हुने आशा व्यक्त गरे । 'पहिलो कुरा पर्यटकलाई थ्रेट छैन । अब, नकारात्मक हैन सकारात्मक प्रचार-प्रसार गर्न जरुरी छ', पूर्वसचिव खनालले भने, 'विगतका विपद्जस्तो पनि हैन अहिलेको अवस्था । जुन मुलुकबाट ट्राभल एडभाइजरीका कारणले घट्ने संख्या चाही ज्यादै सानो छ । मुख्य स्रोत बजार भारत र चीन हो । पर्यटकीय सिजन पनि सुरु हुनै लागेकाले केही पूर्वाधारमा मात्रै क्षति भएको छ । पदयात्रा, धार्मिक तथा साहसिक पर्यटनमा कुनै असर छैन । यो अवस्था चाँडै सुधार हुन्छ ।'

अर्थशास्त्री डा. समिर खतिवडाले एकाध पर्यटकीय पूर्वाधारमा क्षति पुगे पनि पर्यटन क्षेत्र अझै सम्भावना भएको क्षेत्र भएको बताए । उनले भने, 'अर्थतन्त्रको महत्वपूर्ण क्षेत्र पर्यटनमा ठूलो सम्भावना छ, यद्यपि विदेशी पर्यटकको प्रवेश विन्दु त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा समस्याका कारण केही पर्यटक निरुत्साहित हुन्छन् कि भन्ने भय भने विद्यमान छ, सरकारले अन्तरराष्ट्रिय जगतमा सकारात्मक प्रचारप्रसार गर्न आवश्यक छ ।'

नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत (सिइओ) दीपकराज जोशीले नेपालको पर्यटन पुनःरुत्थानका लागि पहल थालिएको बताए । उनले पर्यटन पुनःरुत्थानलाई कसरी प्रभावकारी बनाउने भनेर यस क्षेत्रका अगुवा संगठनहरूसँग छलफल गरेर 'ड्राफ्ट प्लान' बनाएको र यो छिट्टै प्रस्तुतीकरण हुने जानकारी दिए । सिइओ जोशीले भने, 'पर्यटन पक्कै पनि फेरि उठ्ने छ । विगतको अनुभवका आधारमा तथा पर्यटनसँग आवद्ध अन्तरराष्ट्रिय संघ संस्थाहरूको सहयोगमा चाँडै नेपालको पर्यटन पुनःरुत्थान हुनेछ ।'

बोर्डको तथ्यांकअनुसार सन् २०२५ को सेप्टेम्बरमा साढे २५ हजार पर्यटकले नेपाल भ्रमण गरेका छन् । अघिल्लो अगष्टमा ८८ हजार ६८० पर्यटक आगमन भएको थियो । सन् २०२४ मा ११ लाख ४७ हजार ५४८ पर्यटकले नेपाल भ्रमण गरेका थिए । सन् २०२३ मा १० लाख १४ हजार पर्यटक नेपाल भित्रिए । हालसम्म सबैभन्दा बढी सन् २०१९ मा ११ लाख ९७ हजार १९१ विदेशी पर्यटक नेपाल आएका थिए ।

होटल संघका अध्यक्ष विनायक शाहले सबै सरोकारवालाहरू एकताबद्ध भएर पर्यटन पुनःरुत्थानको प्रक्रियालाई अगाडि बढाउनुपर्नेमा जोड दिए । 'पर्यटकीय सिजन सुरु हुन लागेकाले नेपालबाट सकारात्मक सन्देश प्रबाह गर्न जरुरी छ', उनले भने, 'विगतका विपद्मा पनि पर्यटन क्षेत्र चाँडो पुनःरुत्थान भएको थियो ।

प्यासिफिक एसिया ट्राभल एसोसिएसन (पाटा) नेपाल च्याप्टरका महासचिव नरेन्द्रदेव भट्टले नेपालको पर्यटन छिट्टै पुनःरुत्थान हुने विश्वास व्यक्त गरे । उनले भने, 'पर्यटकीय सिजनमै सिर्जित विषम परिस्थितिले पर्यटनमा नकारात्मक असर त परेको छ तर, आशा गरौं छिट्टै सामान्य अवस्था आउनेछ र पर्यटन क्षेत्र पनि चलायमान बन्ने छ ।'

नेपाल पर्वतारोहण संघ र ट्रेकिङ एजेन्सिज एसोसिएसन अफ नेपाल (टान)ले संयुक्त विज्ञप्ति जारी गर्दै नेपालको शाखको रूपमा रहेको पर्यटन क्षेत्रलाई चलायमान बनाउन सबै प्रयत्न गरिनुपर्नेमा जोड दिएका छन् । उनीहरूले विषम् परिस्थितिबाट मुलुकलाई निकास दिएर शान्ति सुव्यवस्था कायम गर्दै पर्यटनमैत्री वातावरण सिर्जना गर्न अपिल गरेका हुन् । *रासस*

## होटल क्षेत्रमा करिब २५ अर्बको नोक्सानी

**काठमाडौं (प्रस)–** जेनजीको प्रदर्शनको क्रममा झण्डै दुई दर्जन होटलहरूमा ठूलो क्षति पुगेको होटल संघले विज्ञप्तिमार्फत जनाएको छ । संकलित प्रारम्भिक जानकारीअनुसार प्रत्यक्ष प्रभावित होटलहरू काठमाडौं उपत्यका, पोखरा, बुटवल, भैरहवा, झापा, मोरङ विराटनगर, धनगढी, महोत्तरी, दाङ तुलसीपुरलगायतका क्षेत्रमा सञ्चालित स्वदेशी तथा विदेशी ब्राण्ड समेतका चर्चामा रहेका होटल प्रतिष्ठानहरूमा तोडफोड, आगजनी, लुटपाट भएको छ ।

काठमाडौंमा रहेको हिल्टन होटलको मात्रै रु आठ अर्बभन्दा बढीको क्षति भएको अनुमान गरिको छ । हिल्टनसहित देशैभरि करिब रु २५ अर्बभन्दा बढी आर्थिक क्षति भएको प्रारम्भिक अनुमान छ ।

# पर्यटन क्षेत्र प्रभावित हुने चिन्ता

■ **प्रभाव संवाददाता**

**गण्डकी–** मुख्य पर्यटकीय याम (असोज-कात्तिक) सुरु हुँदैछ । दसैं, तिहार जस्ता ठूला चाड मुखैमा छन् । यही बेला मुलुक जेनजी पुस्ताको आन्दोलनले प्रभावित छ । पर्यटकीय याम सुरु हुनै लाग्दा भएको आन्दोलनले पर्यटन क्षेत्र मारमा पर्ने देखिएको छ । कोभिड-१९ महामारीपछि जेनतेन उठेको पर्यटन क्षेत्र पुनःशिथिल हुने भयले पर्यटन व्यवसायी चिन्तित छन् । ट्रेकिङ ऐजिन्सिज एशोसियशन अफ नेपाल (टान) गण्डकीका अध्यक्ष कृष्णप्रसाद आचार्यले यस्तै अवस्था लामो समय रहे विश्व पर्यटन बजारमा नेपालको नराम्रो सन्देश जाने बताए ।

'असोज र कात्तिक सबैभन्दा बढी विदेशी पर्यटक आउने याम हो, ठ्याक्कै यही बेला आन्दोलन सुरु भयो, अन्यौलको अवस्था कायमै छ, बुकिङ गरिसकेका पर्यटक आउन डराइरहेका छन्', उनले भने, 'जतिसक्दो चाँडो नेपाल सुरक्षित छ भन्ने सन्देश दिन नसके हाम्रो पर्यटन क्षेत्रले ठूलो असर व्यहोर्नुपर्छ, यसको घाटा देशलाई पर्छ ।' उनले अहिले नेपाल आइसकेका विदेशी पर्यटकलाई सुरक्षित तबरले गन्तव्यस्थलसम्म पुर्‍याउने काममा 'टान'लगायत पर्यटन सम्बद्ध संघसंस्थाले सहजीकरण गरिरहेको बताए । यो याममा विशेष गरी पदयात्राका लागि विदेशी पर्यटक आउने गर्छन् ।

अध्यक्ष आचार्यले छिटो राजनीतिक वातावरण सुधारेर मुलुकलाई सामान्य अवस्थामा नफर्काएसम्म पर्यटन क्षेत्र चलायमान हुन नसक्ने बताए । चाडपर्वका अवसरमा घुमफिरको योजना बनाएका आन्तरिक पर्यटकलाई अहिलेको अवस्थाले अन्यौलता थपेको उनको भनाइ छ । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप) का प्रमुख डा रविन कडरियाले यो याममा पर्यटक आगमनमा असर पर्ने देखिएको बताए । 'तथ्यांकगत रूपमा हेर्न अझै केही दिन कुनुपर्छ, तर अहिलेको आन्दोलनले पर्यटन क्षेत्रमा असर भने पक्कै गर्छ', उनले भने ।

अन्नपूर्ण संरक्षण क्षेत्र पदयात्रा पर्यटनका लागि विश्वमाझ परिचित गन्तव्य हो । गत आवमा उक्त क्षेत्रमा दुई लाख ७८ हजार ११३ विदेशी पर्यटक भित्रिएका थिए । तीमध्ये दक्षिण एसियाली मुलुकका एक लाख ५७ हजार ७८६ र अन्य देशका एक लाख २० हजार ३२७ पर्यटक रहेका थिए । वर्षात र जाडो याममा यस क्षेत्रमा आउने पदयात्री पर्यटकको संख्या न्यून हुने गरे पनि अन्य समयमा भने आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल हुने गरेको छ ।

सडकमार्गबाट घुम्न र पदयात्रा गर्न आउने विदेशी पर्यटकको संख्या बर्सेनि वृद्धि भइरहेकाका अहिले मुलुकमा देखिएको असहज परिस्थितिले पर्यटक आगमनमा असर पर्ने देखिएको आयोजना कार्यालयले जनाएको छ । मुक्तिनाथलगायत गन्तव्यमा जाने अधिकांश भारतीय पर्यटकले सडक मार्ग प्रयोग गरे पनि अन्य मुलुकका पर्यटकले भने पदयात्रा रुचाउने गरेका छन् ।

अन्नपूर्ण चक्रीय पदमार्गमा अन्नपूर्ण आधार शिविर, कास्कीको मर्दी हिमाल, सिक्लेस, ल्वाङ, घान्द्रुक गाउँ, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानी, पुनहिललगायतका गन्तव्यस्थलमा बर्सेनि लाखौं आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन् ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ